जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २५५ | २०८० साल जेठ १ गते सोमबार | (15 May 2023 Monday) | मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

➤ घरको संरचना बलियो बनाऔं,
➤ हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
➤ छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
➤ छतका गमला सुरक्षित रुपमा राखौं,
➤ जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
➤ हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
➤ सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
➤ हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सरकार मनसुनजन्य विपद्को.. ३ पृष्ठमा : वर्षौंदेखि व्यवस्थापन समितिविनै ... ३ पृष्ठमाकराँची गोलीकाण्डमा दुई..

# साथीसँग गएका युवकको मृत शरीर खेतमा फेला, हत्याको आशंकामा तीन जना पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, ३१ बैशाख ।**

सप्तरीको शम्भुनाथ नगरपालिकाका एक यूवकको मृत शरीर आइतबार बिहान खेतमा फेला परेको छ । सो नगरपालिका वडा नं. २ खैरवोनाका २३ बर्षिय मो. तफेजुलको मृत शरीर रुपनी गाउँपालिका १ स्थित खेतमा फेला परेको हो ।

अर्धनग्न अवस्थामा फेला परेको शवको प्रकृति हेर्दा उनको हत्या गरी फालिएको प्रारम्भीक अनुमान गरिएको छ ।

प्रहरीले शवको प्रकृति हेर्दा हत्या नै भएको स्थानीयले पुष्टी हुने बताए पनी हत्या भए नभएको कुरा पोस्टमार्टम रिर्पोट पछी मात्र पुष्टी हुने जानकारी दिएको छ ।

मृतको शव पोस्टमार्टमा लागी आईतवार नै धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाई थपअनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन् । उनले घट्नमा संलग्न रहेको आशंकामा तीन जनालाई नियन्त्रणमा लिई सोधपुछ भइरहेको जानकारी दिएका छन् ।

परिवारजनले उनको हत्या शनिवार राती नै भएको हुन सक्ने अनुमान गरेका छन् । मृतकका बुवा मो.लुकमानका अनुसार शनिवार बेलुका ८ बजेतीर तफेजुल शम्भुनाथको मेला भरेर घर फर्केका थिए । केही बेर पछी छोराको साथी बताउने २/३ जना अपरिचित युवाहरु भेट्न आएको र आमालाई मासु पकाएर राख्नु चाडै फर्किन्छु, भन्दै बाहिर निस्केका थिए ।

छोरा राती अबेरसम्म घर नफर्के पछी आफूहरु खोजतलासमा जुटे पनि कतै फेला नपरेको उनले बताए । यता बिहानै स्थानीय केही ब्यक्तीले रुपनी गाउँपालिका १ स्थित एक खेतमा मृत अवस्थामा छोराको मृत शरीर रहेको बताएका थिए ।

घटना पछी आक्रोशित स्थानीयवासीले बिहान करिब २ घण्टा रुपनी राजमार्ग खण्डमा चक्का जाम र प्रर्दशन गरेपछी प्रहरीले घटनास्थलमा डगस्क्वाड (तालिम प्राप्त कुकुर) को सहयोग समेत लिएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरबाट आएको डगस्कवाडले केही संकेत गरेको र त्यसलाई पनि अनुसन्धानमा समेटिएको प्रहरीको भनाइ छ ।

# श्रोत नखुलेको ८ लाख नगद बरामद

**दैनिक समाचारदाता**
**सर्लाही, ३१ बैशाख ।**

सर्लाहीबाट स्रोत नखुलेको ८ लाख नगदसहित भारतीय मोटरसाइकल बरामद भएको छ ।

शनिबार मलंगवा नगरपालिका ८ भन्सार इलाकाबाट सशस्त्र प्रहरीले ८ लाख रुपैयाँ र भारतीय नम्बरको मोटरसाइकल बरामद गरेको सशस्त्र प्रहरी बलका सहायक प्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए ।

बिआर ३० एन ३५९० नम्बरको भारतीय मोटरसाइकलमा भारतबाट अवैध रूपले नेपाल ल्याउँदै गरेको एक हजार रुपैयाँको ७०० थान र पाँच सय रुपैयाँको २०० थान नेपाली रुपैयाँ बरामद गरेको हो ।

नियन्त्रणमा लिएको नेपाली रुपैयाँ र मोटरसाइकल आवश्यक कारबाहीको लागि सर्लाही भन्सार कार्यालय मलंगवामा बुझाइएको छ ।

# मधेश कृषि विश्वविद्यालयमा स्नातक कक्षा संचालन




**दैनिक समाचारदाता**
**राजबिराज, ३१ बैशाख ।**

मधेश कृषि बिश्वबिद्यालयद्वारा आइतबार आयोजित एक समारोहबीच कार्यक्रमका प्रमुख अतिथि जसपका अध्यक्ष उपेन्द्र यादव, मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव तथा मधेश प्रदेशका शिक्षा, बिज्ञान तथा प्रविधी मन्त्री महेश प्रसाद यादबले संयुक्त रुपमा कृषि स्नातक कक्षा शुभारम्भ समारोहको उद्घाटन गरेका छन् ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै जसपा अध्यक्ष यादवले परम्परागत खेतीले जीवन निर्वाह भए पनि प्रगति गर्न नसकिने दावी गर्दै उनले कृषिमा आधुनिकीकरण आवश्यक रहेको बताए । उनले कृषिमा आधुनिकीकरणका लागि

*बाँकी अन्तिम पृष्ठमा*

# वर्तमान गठबन्धनको सरकारलाई नै निरन्तरता दिनु जरुरी : जसपा अध्यक्ष यादव



**दैनिक समाचारदाता**
**राजविराज, ३१ बैशाख ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष एवं प्रतिनीधी सभा सदस्य उपेन्द्र यादवले वर्तमान गठबन्धनको सरकारलाई नै निरन्तरता दिनु जरुरी रहेको बताएका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णसवरण गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### विकासका लागि सचेत होऔं

विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ । जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ । समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकासप्रति सकारात्मक हुनु जरुरी छ ।

सप्तरी जिल्ला यही “विकास” को पर्खाईमा दशकौंदेखी भौतारिदै छ । कुनै पनि स्थानको विकास गर्नु अत्यन्त सह्रानिय कार्य हो । विकासको नाममा भ्रष्टाचार गर्नु त्यो चाही कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो । अहिले जिल्लामा विकासका कार्यहरु भइरहेका छन् । नयाँ सडक निर्माण, सडक फराकिलो गर्ने कार्य, शैक्षिक संस्थामा सुधार तथा स्थापना, स्वास्थ्य संस्थालाई नयाँ ढंगले परिवर्तन लगायतका विकासका कार्यहरुले गति लिने क्रम बढिरहेको छ । यस्ता कार्यमा सबैले सहयोग गर्नुपर्छ ।

विगतका वर्षहरुमा भएका कार्यहरुले अहिले पूर्णता पाउने क्रममा रहेको छ । जसले हालसम्म केही प्रतिशतमा विकास भने भएको छ । जुन अत्यन्त सह्रानिय कार्य हो । विकासका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्दछ । यी तीनै कुरा मिल्न सके मात्र विकास सम्भव छ । होइन भने जति चाहे पनि विकास हुदैन् ।

तसर्थ कुनै पनि स्थानको विकासका लागि सकारात्मक सोच आवश्यक पर्दछ । यसका लागि जनताको साथ र खबरदारी पनि उत्तिकै आवश्यक छ ।

# सरकार मनसुनजन्य विपद्को पूर्वतयारीमा

**नारायण ढुङ्गाना**

काठमाडौँ, ३१ वैशाख (रासस) ।

नेपाल सरकार आउँदो मनसुनका समयमा हुनसक्ने विपद्जन्य घटना व्यवस्थापनको पूर्व तयारीमा जुटेको छ ।

आउँदो मनसुनमा सरदरभन्दा कम वर्षा हुने आँकलन गरिए पनि निश्चित क्षेत्रमा अधिक र निश्चित क्षेत्रमा कम वर्षा हुनसक्ने अवस्थालाई समेत मध्यनजर गरी आवश्यक तयारीमा सरकारले काम थालेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विगतको विपद् र त्यसबाट सिर्जित असरको अवस्था, देशको भौगोलिक अवस्था, जलवायु परिवर्तनको असर, सम्भावित जोखिम क्षेत्र पहिचानको आधारमा सोही अनुसारको विपद् व्यवस्थापनको पूर्व तयारी थालिएको छ ।

विपद्को पूर्वतयारी, अस्थायी आश्रयस्थल व्यवस्थापन र खाद्यान्नको आवश्यक व्यवस्थापनका पूर्व तयारी पनि सँगसँगै थालिएको छ । विपद्पछिको उद्धार तथा पुनःस्थापनमा सधैँ आलोचना हुने गरेकाले त्यसलाई मध्यनजर गर्दै विशेष ध्यान दिन गृहमन्त्रालयले सम्बद्ध निकायसँग समन्वय गरिरेको छ ।

विपद् व्यवस्थापनको पूर्व तयारीस्वरुप यही वैशाख २९ मा बसेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले मातहत र सरोकार राख्ने सबै निकायलाई आ-आफ्नो विषयगत क्षेत्रको तयारीमा जुट्न निर्देशन नै दिइसकेको छ ।

कार्यकारी समितिका अध्यक्ष उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले अब तयारी पुगेन भनेर विपद् व्यवस्थापन कार्यमा छुट नपाइने भएकाले अहिलेदेखिनै के गर्नुपर्ने हो त्यो काम गरेर तयारी अवस्थामा राख्न सरोकारवाला निर्देशन भनिसक्नुभएको छ ।

गृह मन्त्रालयले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरिरहेको छ । केही दिनभित्रमै उक्त कार्ययोजना निर्माण गरी लागू गर्न लागिएको गृह मन्त्रालयमातहत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले बताउनुभयो ।

यस्तै विपद व्यवस्थापनका लागि अति आवश्यक पर्ने नीति, नियम तथा कार्यविधि तर्जुमाका आवश्यक प्रक्रिया पनि तीव्ररुपमा अघि बढाइएको छ ।

जसअनुसार विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ संशोधन, विपद् पूर्वतयारी तथा प्रतिकार्य निर्देशकिका २०८० निर्माण, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालन कार्यविधि २०८० स्वीकृतिको चरणमा पुगेको छ । छिट्टै त्यसका बाँकी तयारी पूरा गरेर कानुनसम्मत बनाउँदै लागू गर्ने गरी सरकार अघि बढेको छ ।

यी सबै कानुन, नीति, निर्देशिका तथा कार्यविधिका विषयमा आवश्यक छलफल गरी अघि बढाउने गरी कार्यकारी समितिले निर्णय नै गरिसकेकाले त्यसको तयारीको काम जारी रहेको पोखरेलले बताउनुभयो । यस वर्षको मनसुनजन्य विपद्बाट हुनसक्ने जनधनको क्षति कम गर्न सम्बन्धित निकायले गर्नुपर्ने कार्यसमेत उल्लेख गरी एकीकृत मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार पार्ने जिम्मेवारी प्राधिकरणलाई दिइएको छ ।

देशका विभिन्न स्थानमा हुनेसक्ने जोखिमलाई मध्यनजर गरी सम्बन्धित निकाय, प्रदेश तथा स्थानीय सरकारहरूले गर्नुपर्ने पूर्वतयारी, उद्धारलगायतका कार्यका लागि उपलब्ध एवं आवश्यक साधनस्रोतको विवरणसहितको कार्ययोजना तयार गरिने प्राधिकरणका प्रमुख पोखरेलले बताउनुभयो ।

यस्तै गृह, अर्थ, परराष्ट्र, सङ्घीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र समाज कल्याण परिषद्का प्रतिनिधिबीच बैठक बसी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालन कार्यविधि, २०८० तयार तयार पार्ने कार्ययोजना बनाइएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माका अनुसार पूर्वाधारका क्षेत्रमा विपद्बाट हुने असरलाई कम गर्न आवश्यक तयारी थालिसकेको छ ।

उहाँका अनुसार मनसुनजन्य विपद्का कारण सडक अवरुद्ध भएका ३० मिनेटभित्र सम्बन्धित ठाउँमा पुग्ने र दुई घन्टाभित्र सञ्चालन गर्न सक्ने गरी एक सय २६ स्थानबाट मेसिन परिचालनको योजना बनाइएको छ ।

यस्तै एक सय १६ वटा मेसिन र १३ वटा बेलिब्रिज पनि तयारी अवस्थामा राखिएको छ । विपद् व्यवस्थापन विज्ञ कृष्ण देवकोटा पछिल्ला वर्षमा पहिराबाट हुने विपद् थप चुनौतीपूर्ण बन्दै गएको बताउनुहुन्छ ।

उहाँका अनुसार विपद्का दृष्टिले भूकम्पलाई छाडेर हेर्दा पछिल्लो दशक बाढीका कारण हुने मृत्युदर घटेको तर पहिरोबाट हुने क्षति भने बढेको छ । बाढीपहिरोजन्य घटना भने बढेको छ । जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौँथो स्थानमा पर्छ । प्राप्त तथ्याङ्कमा नेपालमा ७० देखि ८० प्रतिशत जनसङ्ख्या कुनै न कुनै विपद्को जोखिममा छन् ।

मनसुनजन्य विपद्बाट क्षति रोक्ने पूर्वतयारी प्रमुख उपाय हो । भरपर्दो सूचना सङ्कलन, सम्भावित जोखिम र क्षतिको आँकलन, समयमै आवश्यक सूचना प्रवाह र त्यसबाट उत्पन्न हुने परिस्थितिको सामनाका लागि गर्नुपर्ने तयारी चुस्त बनाउन सकिएन भने विपद्बाट ठूलो धनजनको क्षति हुने विज्ञहरूले बताएका छन् ।

हरेक वर्ष दोहोरिने बाढीपहिरो, डुबान, चटचाङ र आगलागीबाट हुने क्षति रोक्न उच्च तयारी आवश्यक हुने उहाँहरूको सुझाव छ ।

**वर्षाको अनुमान**

आगामी मनसुन सिजनमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना आँकलन गरिएको छ । आगामी जेठ १८ देखि असोज १३ सम्मको चार महिनाको मनसुन सिजनमा देशका अधिकांश स्थानहरूमा सरदरभन्दा कम वर्षा हुने सम्भावना छ । यद्यपि सरदरभन्दा कम वर्षा हुने सम्भावना स्थान विशेष फरक रहेको छ ।

जल तथा मौसम विज्ञान विभागले सार्वजनिक गरेको विवरण अनुसार आउँदो मनसुनमा सरदभन्दा कम वर्षा हुने अवस्था ३५ देखि ५५ प्रतिशत छ । तथापि कोशी प्रदेशका मध्य तथा उत्तर-पूर्वी भू-भाग, बागमती प्रदेशका दक्षिण-पूर्वी भू-भाग र मधेश प्रदेशका अधिकांश भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ ।

जसका कारण अधिकतम तापक्रम देशभर सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ५५ प्रतिशत छ । त्यसैगरी न्यूनतम तापक्रम केही स्थानमा सरदर र केही स्थानमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ ।

धेरैजसो भू-भागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशका मध्य भू-भाग, कर्णाली प्रदेशका मध्य पश्चिमी भू-भाग, गण्डकी र बागमती प्रदेशका उत्तरी भू-भाग, लुम्बिनी प्रदेशको पूर्वी तथा पश्चिमी भू-भाग र मधेश प्रदेशका पूर्वी भू-भागमा सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ ।

कर्णाली प्रदेशका अधिकांश भू-भाग, गण्डकी प्रदेशका धेरैजसो भू-भाग, सुदूरपश्चिम प्रदेशका मध्य तथा उत्तरका थोरै भू-भाग, लुम्बिनी प्रदेशका पश्चिमी तथा मध्य भू-भाग र कोशी प्रदेशका दक्षिणी भू-भागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत छ ।

कोशी प्रदेशका पश्चिमी भू-भाग, बागमती प्रदेशका धेरैजसो भू-भाग, लुम्बिनी प्रदेशका केही भू-भाग र सुदूरपश्चिम प्रदेशका कञ्चनपुर, कैलाली, बैतडी तथा बझाङलगायतका भू-भागमा सरदरभन्दा कम हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ । कोशी प्रदेशका मध्य तथा उत्तर-पूर्वका थोरै भू-भाग, बागमती प्रदेशका दक्षिण-पूर्वी भू-भाग र मधेश प्रदेशका अधिकांश भू-भागमा सरदर वर्षा हुने ३५ देखि ४५ प्रतिशत सम्भावना छ ।

**अधिकतम तापक्रमको आँकलन**

सुदूरपश्चिम प्रदेशका पूर्वी तथा दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका पश्चिमी, उत्तरी तथा पूर्वी भू-भाग, गण्डकी प्रदेशका दक्षिणी तथा मध्य भू-भाग, बागमती प्रदेशका मध्य तथा दक्षिणी भू-भाग र मधेश प्रदेशका पश्चिमी भू-भागमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ भने बाँकी भू-भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ ।

**न्यूनतम तापक्रमको आँकलन**

सुदूरपश्चिम प्रदेशका मध्य भू-भाग, कर्णाली प्रदेशका मध्यपश्चिमी भू-भाग, गण्डकी र बागमती प्रदेशका उत्तरी भू-भाग, लुम्बिनी प्रदेशको पूर्वी तथा पश्चिमी भू-भाग र मधेश प्रदेशका पूर्वी भू-भागमा सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ भने बाँकी भू-भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# वर्षौंदेखि व्यवस्थापन समितिबिनै चलिरहेका छन् विद्यालय

**टीकाराम सुनार**

जनकपुरधाम, ३१ वैशाख (रासस)।

छ वडा रहेको धनुषाको औरही गाउँपालिकामा १० सामुदायिक विद्यालय छन्, तर राजदेवी प्राथमिक विद्यालयबाहेक अन्यमा व्यवस्थापन समिति गठन नभएको वर्षौं भइसक्यो।

जनकपुरधाम उपमहानगरपालिकाका ४९ मध्ये धेरैजसो सामुदायिक विद्यालय पनि वर्षौंदेखि व्यवस्थापन समितिबिना चलिरहेका छन्। जिल्लाका १८ वटै पालिकामा रहेका तीन सय ९५ सामुदायिक विद्यालयमध्ये मुस्किलले पाँचदेखि १० प्रतिशतमा मात्रै व्यवस्थापन समिति हुनसक्ने अनुमान जिल्ला समन्वय समितिको छ।

विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि कुनै पनि अवस्थामा व्यवस्थापन समिति हुनुपर्ने शिक्षा ऐनको प्रावधानलाई बेवास्ता गरेर वर्षौंदेखि विद्यालय चलिरहँदा त्यसले गुणस्तरीय शिक्षण सिकाइ र वृत्तिविकासमा निकै समस्या भइरहेको सरोकारवालाले बताएका छन्।

शिक्षक रामाशिष साहले निश्चित व्यक्तिले आफूलाई हुने लाभहानीको लेखाजोखा गरी गम्भीरतापूर्वक समिति गठनमा चासो नराखेकाले विद्यालयको मुख्य अभिभावकीय भूमिकामा रहने संरचना नै ओझेलमा परेको बताउनुभयो। उहाँले स्थानीय तहले समिति बनाउन परिपत्र गरे पनि त्यसलाई कार्यान्वयन गर्न बिभिन्न बहाना देखाएर पन्छिँदा कुनै निकास निस्किन नसकेको बताउनुभयो।

औरही गाउँपालिका वडा नं १ का स्थानीय राम उद्गार यादबले धेरै ठाउँमा स्थानीय जनप्रतिनिधि र राजनीतिकरूपमा सक्रिय अभिभावबीच स्वार्थ बाँझिदा समिति बन्न कठिनाइ उत्पन्न हुने गरेको सुनाउनुभयो। "कतिपय ठाउँमा वडाध्यक्ष नै समितिको अध्यक्ष हुनुपर्छ भनेर कार्यविधि बनाउनुपर्ने पक्षमा छन्, तर यसले अभिभावकको अधिकार हनन हुन्छ", उहाँले भन्नुभयो, "अधिकारप्राप्त पक्ष र प्रभाव पार्न सक्ने व्यक्तिले आफ्नो अनुकूल समिति नबन्ने अवस्था आएमा अड्को थाप्ने गर्छन्, त्यसले गर्दा पाँच/सात पटक भेला भएर पनि समिति गठन नभएका उदाहरण छन्।"

श्री रामजानकी मावि झिटकहियामा विसं २०७४ मा भएको स्थानीय तहबाट आएका जनप्रतिनिधिले समेत समिति बनाउन सकेनन्। समिति नभएपछि सो विद्यालयमा आव २०७७/७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत भवन निर्माणका लागि बिनियोजित रु ३६ लाख कार्यान्वयन हुन सकेन भने प्रदेश सरकारबाट आएको रु ३० लाख 'फ्रिज' भयो। चालु आर्थिक बर्षमा पनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रु ४५ लाख बजेट व्यवस्थापन समितिको अभावमा कार्यान्वयन हुनसकेको छैन।

समितिको अभावमा मावि र उमावितर्फ अनुदान कोटामा राख्न मिल्ने चार जना अत्यावश्यक शिक्षक शिक्षिकाको नियुक्ति रोकिएको छ। "भौतिक पूर्वाधारदेखि बजेट निर्माण र परिचालन गर्न निकै कठिन भएको छ, कहिलेकाही हुने विवादलाई पनि जनप्रतिनिधि वा अदालतमै गएर सुल्झाउनुपर्ने बाध्यता छ, मैले नै चारवटा बैठक र तीनवटा अभिभावक भेला राख्दा पनि समिति गठन हुन सकेन", विद्यालयका प्रधानाध्यापक मदनकुमार महराले भन्नुभयो, "सहमतिमा समिति गठन हुन नसके स्वच्छ निर्वाचन प्रक्रियाबाट टुङ्ग्याए पनि हुन्थ्यो, यसमा स्थानीय तहको सहमति अनिबार्यजस्तै छ, तर अहिलेसम्म निकास पाइएको छैन।"

शङ्कर जनता मावि चक्करमा पनि बिगत चार वर्षदेखि व्यवस्थापन समिति गठन हुनसकेको छैन। "सातपटक बैठक तथा अभिभावक भेला बोलाएको हो, तर कहिले अभिभावक त कहिले जनप्रतिनिधिको कुरा मिल्दैन, त्यसले गर्दा समिति नै गठन गर्न सकिएको छैन", शिक्षक अजितकुमार चौधरीले दुःखेसो पोख्नुभयो, "समिति नबन्दा विद्यालय निमित्त प्रअको भरमा चलिरहेको छ, करिब एक हजार पाँच सय विद्यार्थी अध्ययनरत विद्यालयमा न नयाँ कर्मचारी भर्ती गर्न पाइएको छ न ६० वर्ष नाघेकालाई हटाउन सकिएको छ, त्यसैले अब निर्वाचन गराएरै भए पनि निकास दिनुपर्ने हो।"

श्रीमावि औरहीका प्रधानाध्यापक रामचन्द्र साहले निर्वाचनमार्फत व्यवस्थापन समिति गठन गर्दा पनि स्थानीय तहले कार्यविधि दिनुपर्ने तर अहिलेसम्म त्यसको व्यवस्था नभएको बताउनुभयो। उहाँले विद्यालय व्यवस्थापन समिति नहुँदा आफ्नो विद्यालयमा उत्पन्न भएको बिवादले १५ महिनासम्म तलब नै भुक्तानी गर्न नपाएको अवस्था स्मरण गर्नुभयो।

"दैनिक पठनपाठन रोकिएको छैन, तर समिति नहुँदा कैयन कानुनी र व्यवहारिक समस्या सिर्जना हुन्छन्, समिति भए त सानातिना बिवाद र अत्यावश्यक कार्य गर्न सजिलो हुन्थ्यो होला", साहुले भन्नुभयो, "हामीलाई नै समिति गठन नगरेको आरोप पनि लाग्ने गरेको छ, तर शिक्षक वा प्रअले चाहँदा हुने र नचाहँदा नहुने अवस्था छैन, अभिभावक, राजनीतिक दल तथा ती दलबाट आएका जनप्रतिनिधिले सहयोग गरेमा मात्रै हामीले काम गर्नसक्ने हो।"

सङ्घीय संरचनामा गइसकेपछि स्थानीय तहमा पाँच वर्षीय कार्यकाल समाप्त भई अर्को कार्यकाल सुरु भएको पनि एक वर्ष बितिसकेको छ। अहिले जिल्ला शिक्षा कार्यालय छैन तर आफ्नो क्षेत्रका विद्यालयमा भौतिक सुविधाको बन्दोबस्त र गुणस्तरीय शिक्षण सिकाइको वातावरण निर्माण गर्न स्थानीय तहलाई नै जिम्मेवारी दिइएको छ। शिक्षा ऐनले गाउँपालिका वा नगरपालिकामा शिक्षा समिति र जिल्लामा समन्वय समिति प्रमुखको अध्यक्षतामा प्रमुख जिल्ला अधिकारीसहितको जिल्ला शिक्षा समिति बनाउनुपर्ने भनेको छ। यी समिति पनि सोचेअनुरुप सक्रिय हुनसकेका छैनन्।

औरही गाउँपालिकाका अध्यक्ष उमाशङ्करप्रसाद साहले पटक-पटक आग्रह गर्दा पनि व्यवस्थापन समिति गठन हुन नसकेको धारणा राख्नुभयो। साहले भन्नुभयो, "कतिपय विद्यालयमा नौ/दश वर्षदेखि समिति छैनन्, मैले परिपत्र गरेको पनि पाँच महिना भइसक्यो, तर समिति गठन भएन, अब गाउँ शिक्षा समितिको बैठक बसेर एउटा निष्कर्षमा पुग्छौं।"

जनकपुरधामका उपप्रमुख किशोरी साहले पनि जनप्रतिनिधि, विद्यालयका कर्मचारी र प्रअको मिलेमतोमा समिति बन्न नसकेको विषयमा गुनासो आउने गरेको बताउनुभयो। "उपमहानगरले पटकपटक समिति बनाउन परिपत्र गरेको छ, तर त्यसलाई पनि अटेर गर्ने काम भएको छ", साहले रासससँग भन्नुभयो, "अब स्थानीय अभिभाव जाग्नुपर्‍यो, दबाब दिनुपर्‍यो, उपमहानरपालिकाले पनि समस्या समाधान हुनेगरी चाँडै पहल गर्छ।"

जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला शिक्षा समितिका अध्यक्ष राजनन्दन मण्डलले अहिलेसम्म देखिएका समस्याको मुख्य कारण पहिचान गरेर त्यसको समाधान गरिने बताउनुभयो। "अभिभावकको संलग्नताबिना विद्यालय चलाउने कुरा कानुनले परिकल्पना गरेको छैन, समिति नबनेसम्म विद्यालय राम्रोसँग चल्न सक्दैन भनेर सबैले महसुस गरेका छौं, त्यसैले अब जे गर्दा निकास निस्किन्छ त्यो उपाय अपनाएर भए पनि निकास दिनुपर्छ", संयोजक मण्डलले भन्नुभयो।

शिक्षा ऐन, २०२८ को दफा १२ क (२) मा समिति बिघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म व्यवस्थापन समितिको काम गर्न जिल्ला शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्ने अधिकार दिएको छ तर यस्तो अधिकारप्राप्त जिल्ला शिक्षा समितिले नै पूर्णता पाउन सकेको छैन। समन्वय प्रमुख एवं समितिका संयोजक मण्डलले प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरेर विद्यालयमा देखिने समस्या समाधानको पहल गरिए पनि समितिको पूर्ण बैठक बसेर काम हुननसकेकाले अब समितिलाई सक्रिय बनाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिले गर्नुपर्ने काम, कर्तव्य र अधिकारको प्रष्ट व्यवस्था तथा समितिको अस्तित्व नहुँदा देखिएका समस्याबारे सरोकारवाला जानकार छन्। संविधानले स्थानीय तहलाई नै ऐन कानुन बनाएर आफ्नो क्षेत्रका विद्यालय सुधारको योजना बनाउनसक्ने अधिकार दिएको विषयमा पनि कुनै द्विविधा छैन। अब विद्यालयको सुव्यस्थित सञ्चालन र वृत्तिविकासमा महत्वपूर्ण भूमिका खेल्ने विद्यालय व्यवस्थापन समिति गठनको गाँठो फुकाएर समस्या समाधानमा ध्यान दिन जरुरी रहेको बताइन्छ।

# वैदेशिक रोजगारीमा ६ महिना काम गरेर फर्किएका नेपालीले मात्र दुई वटा फोन ल्याउन पाउने

काठमाडौँ, ३१ वैशाख (रासस)।

वैदेशिक रोजगारीमा छ महिनासम्म काम गरेर फर्किएका नेपालीले मात्रै दुई वटा मोबाइल फोन ल्याउन पाउने भएका छन्।

भन्सार बिभागले आइतबार एक सूचना जारी गर्दै श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको छ महिना पूरा भएकाले मात्रै दुई वटा मोबाइल फोन ल्याउन पाउने जनाएको हो। बिभागका निर्देशक पुण्यविक्रम खड्काले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका नेपालीले एउटा चलाइरहेको र एउटा 'सिलप्याक' वा दुवै चलाइरहेको मोबाइल ल्याउन पाउने बताउनुभयो।

उहाँका अनुसार अध्ययन तथा अन्य प्रयोजनका लागि विदेशीएका नेपालीले भने एक थान मात्रै फोन ल्याउन पाउनेछन्। "श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई लगातार कम्तीमा छ महिनासम्म काम गरी फर्केका नेपाली नागरिकले महसुल सुविधामा ल्याउन पाउने थप एक थान मोबाइल फोनको भन्सार कार्यालयमा घोषणा गरी भन्सार प्रक्रिया पूरा गर्नुपर्छ", जारी सूचनामा भनिएको छ, "अन्य प्रयोजनका लागि बिदेशीएका नेपालीले एक थान मोबाइल फोन सेटको घोषणा भने भन्सार कार्यालयमा गर्नुपर्दैन।" यही वैशाख २६ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको थियो।

यात्रुहरूले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तुसम्बन्धी आदेश, २०७७ मा विदेशबाट फर्कने यात्रुले आफूले प्रयोग गरिरहेको मोबाइल फोन थान एक महसुल नतिरी ल्याउन पाउने व्यवस्था रहेको छ।

सोही व्यवस्थाअनुसार नेपाल दूरसञ्चार प्राधिकरणले जेठ १ गतेदेखि अवैध फोन नियन्त्रण गर्ने प्रणाली एमडीएमएस लागू गर्दैछ। उक्त फोन नेपाल दूरसञ्चार प्राधिकरणका प्रणालीमा व्यक्ति स्वयंले अनलाइन माध्यमबाट दर्ता गर्नुपर्ने भन्सार

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### कराँची गोलीकाण्डमा दुई महिलासहित पाँच जनाको मृत्यु

कराँची, ३१ वैशाख (रासस/एएनआई)।

आइतबार कराँचीमा भएको छुट्टाछुट्टै गोलीकाण्डमा दुई महिलासहित पाँच जनाको मृत्यु भएको छ। पाकिस्तानमा आधारित एआरवाई न्युजले जनाएअनुसार मेमन गोठ, सुरजनी टाउन, डिफेन्स र म्युनिसिपल टाउनमा गोली हानाहान भएको थियो। गुलसन-ए-सुरजानीस्थित पेट्रोल पम्प नजिकै अज्ञात व्यक्तिले कारमा गोली चलाउँदा दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। मृत्यु हुनेमा बाबर र नसिम रहेका छन्।

यसबाहेक, मलिर साउदाबादमा आयोजित बिबाह समारोहमा एक व्यक्तिको गोली हानी हत्या गरिएको थियो। हत्या गरिएका व्यक्ति मोहम्मद अर्सलान रहेको बताइएको छ। यसैबीच कराँचीमा दुर्घटनावश गोली लागेर एक महिलाको मृत्यु भएको छ। घटना डिफेन्स फेज ६ खयाबान-ए-हलालमा भएको उल्लेख गरिएको छ। गोली लागेकी महिला सफिया साफिया रहेको बुझिएको छ।

बलदियाको गुलसन-ए-गाजी नजिकैको बिस्मिल्लाह चोकमा गोली लागेर अर्की एक महिलाको मृत्यु भएको छ। मृतक नोरिन रहेकी छिन्। प्रहरीले यी बिभिन्न घटनामा अनुसन्धान थालेको छ।

### म्यान्मामा २६.४ केजी हेरोइन बरामद

याङ्गुन, ३१ वैशाख (रासस/सिन्ह्वा)।

म्यान्माको मण्डले क्षेत्रबाट २६.४ किलोग्राम हेरोइन बरामद गरिएको छ। अधिकारीहरूले देशको केन्द्रीय क्षेत्र मण्डलेमा २६.४ किलोग्राम हेरोइन बरामद गरेको लागुऔषध दुरुपयोग नियन्त्रण केन्द्रीय समितिले शुक्रबार उल्लेख गरेको गरेको छ।

गोप्य सूचनाका आधारमा लागुऔषध विरुद्धको कारबाहीमा प्रहरीले मे ७ गते मण्डलेको बस स्टेशनमा एउटा गाडीबाट अर्को गाडीमा सारिएको बोराको खोजी गर्दा साबुन कन्टेनरमा रहेको २६.४ केजी हेरोइन बरामद गरेको हो।

सो अबैध कारोबारमा सङ्लग्न रहेको आशङ्कामा पाँच संदिग्ध व्यक्तिलाई पक्राउ गरिएको छ। बरामद लागुऔषधको मूल्य लगभग ६६६० मिलियन क्याट (३१४,२८५ अमेरिकी डलरभन्दा बढी) रहेको बताइएको छ।

संदिग्धलाई लागुऔषध र साइकोट्रोपिक पदार्थ कानून अन्तर्गत मुद्दा चलाइएको र थप अनुसन्धान भइरहेको बताइएको छ।

### म्यानमाको न्याउङ-उ शहरमा ५८ वर्षमा सबैभन्दा धेरै वर्षा

याङ्गुन, ३१ वैशाख (रासस/सिन्ह्वा)।

मध्यम्यानमाको एउटा शहरमा शनिबार ५८ वर्ष यताकै सबैभन्दा धेरै वर्षा (एकै दिन) रेकर्ड गरिएको मौसम विज्ञान तथा जलविज्ञान विभागले जनाएको छ।

मध्यम्यानमाको मण्डले क्षेत्रको न्याउड-उ शहरमा ५८ वर्षमा सबैभन्दा धेरै वर्षा भएको छ। शनिबार १६१ मिमी वर्षा रेकर्ड गरिएको छ।

चक्रवात मोकाका कारण अहिले देशका अधिकांश भू-भागमा बर्षा भइरहेको र आइतबार दिउँसोसम्म देशका अधिकांश स्थानमा मेघ गर्जनसहित वर्षाको सम्भावना रहेको पनि मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

बङ्गलादेश-म्यानमाको तटीय क्षेत्रतर्फ अघि बढेको चक्रवात मोचाले आइतबार १२० माइल प्रतिघण्टाको गति र पश्चिमी म्यानमाको रखाइन राज्यमा १४ फिट (करिब ४.२६ मिटर) सम्मको आँधीबेहरी आउने अनुमान गरिएको छ।

### इजरायली सेनाद्वारा गाजा क्षेत्रका हजारौँ बासिन्दाको उद्धार

तेल अभिभ, ३१ वैशाख (रासस/एएनआई/टीपीएस)।

स्ट्रिपमा तीन शीर्ष प्यालेस्टिनी इस्लामिक जिहाद आतङ्कवादीको मङ्गलबारको लक्षित हत्यापछि गाजा नजिकै बसोबास गर्ने हजारौं इजरायलीलाई स्तानानन्तरण गरिएको छ।

यसैबीच रक्षामन्त्री योभ ग्यालान्टले गाजामा आतङ्कवादी गुटबाट जवाफी रकेट फायरको प्रत्याशामा "गस्ट अफ विन्ड" नामले चिनिने उक्त कदम बारे चनाखो हुँदै सचेत र सुरक्षित हुने योजनालाई अनुमोदन गरेका छन्। त्यसैगरी गाजा-क्षेत्रका बासिन्दा आफ्नै पहलमा अस्थायीरूपमा देशका अन्य भागमा सरेका छन्।

सुरक्षित स्थानानन्तरण कार्यक्रम स्थानीय अधिकारीद्वारा सञ्चालित छ र गाजा सीमा नजिकका इलाकाका प्रत्येक बासिन्दालाई गेस्टहाउसमा राज्यको सहयोगमा व्यवस्थापन गरिदै गरेको रक्षा मन्त्रालयको विज्ञप्तिमा जनाइएको छ।

यसैबीच शिक्षा मन्त्रालयले बुधबार ४५ किलोमिटर भित्रका समुदायमा विद्यालय सञ्चालन नगर्ने घोषणा गरेको छ। सो निर्णयबाट करिब तीन लाख विद्यार्थीलाई असर पर्ने छ। होम फ्रन्ट कमाण्डको निर्देशनअनुसार गाजा पट्टी नजिकका यी क्षेत्रहरूमा सार्बजनिक जमघटहराम कडाइ गरिएको छ। खुला क्षेत्रमा १० व्यक्ति र भवनमा १०० जनासम्म सीमित हुनुपर्ने प्रावधान जारी गरिएको छ। सार्बजनिक आश्रय स्थलहरी तेल अबीबका साथै गिबाताइम, रमत गान र अन्य नगरपालिकामा खोलिएका छन्।

# नक्कली भुटानी शरणार्थी प्रकरणमा थापाविरुद्ध पक्राउ पुर्जी जारी

काठमाडौँ, ३१ वैशाख (रासस)। नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोप लागेका प्रतीक थापाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ।जिल्ला अदालत काठमाडौँले थापाविरुद्ध पक्राउ पुर्जी जारी गरेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ।

थापा पूर्वगृहमन्त्री एवं नेकपा (एमाले) उपाध्यक्ष रामबहादुर थापा बादलका छोरा हुन्। तत्कालीन गृहमन्त्री थापाका सल्लाहकार रहेका इन्द्रजित राई पक्राउ परेपछि अनुसन्धान गर्दा प्रतीक थापा पनि उक्त घटनामा संलग्न रहेको प्रमाण भेटिएपछि थापाविरुद्ध पक्राउ पुर्जी जारी भएको प्रहरीले जनाएको छ। प्रतीकले यसअघि विज्ञप्ति निकालेर उक्त घटनामा आफ्नो नाम जोडिएको भन्दै आपत्ति जनाएका थिए।

अहिलेसम्म नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्री बालकृष्ण खाँण, सचिव टेकनारायण पाण्डे, इन्द्रजित राईलगायत १२ जना पक्राउ परिसकेका छन्। पक्राउ पुर्जी जारी भएका तत्कालीन उपप्रधानमन्त्री एवं एमाले सचिव टोपबहादुर रायमाझी र इन्द्रजितका छोरा निरज राई भने फरार रहेका र उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा छानविन सुरु भएपछि जनस्तर तथा राजनीतिक दलकै तर्फबाट निष्पक्ष छानविन र दोषीमाथि कारबाहीको माग गर्दै सरकारलाई दबाब बढिरहेको छ।

# वन डढेलो र आगलागिका घटना बढ्दै

काठमाडौँ, ३१ वैशाख (रासस)। आगलागी तथा वन डढेलोका घटना बढ्दै गएको पाइएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कानुसार यही वैशाख १ देखि ३० गतेसम्म देशभर पाँच सय २७ वटा आगलागी र ९४ वन डढेलोका घटना घटेका छन्।

प्राधिकरणका अनुसार आगलागीमा ११ र डढेलोमा परेर पाँच जनाले ज्यान गुमाएका थिए भने ६५ जना घाइते भएका छन्। गर्मी बढेसँगै दैनिक आगलागी र डढेलोका घटना बढ्न थालेका र एक महिनामा आगलागी र वन डढेलोका छ सय २१ घटनामा मानवीयसँगै अन्य भौतिक तथा संरचनागत क्षति भएको प्राधिकरणका उपसचिव सुन्दरप्रसाद शर्माले जानकारी दिनुभयो।

आगो तथा डढेलो लागेको देख्नेबित्तिकै पूर्वतयारीबिना निभाउन जाँदा घाइते हुने तथा ज्यानै जाने जोखिममा पर्ने भएकाले आगो तथा डढेलो फैलिएका बेला जोखिम नमोल्न र सुरक्षाको उपायबिना त्यस्तो ठाउँमा नजान उहाँले आग्रह गर्नुभयो।

यसैगरी जङ्गलमा लागेको डढेलो निभाउन पानीसँगै हरियो स्याउला, माटोको पनि प्रयोग गर्न सकिने भएकाले सोको प्रयोग गर्न प्राधिकरणले आग्रह गरेको छ। सकेसम्म आगो तथा डढेलो लाग्न नदिन चुरोटका ठुटा जथाभावी नफाल्न, आगो लागिसकेको ठाउँमा जलेका वस्तु माटोले पुरिदिन पनि प्राधिकरणको समुदायलाई आग्रह छ।

## वैदेशिक रोजगारीमा ...

कार्यालयले जनाएको छ। दर्ताका लागि राहदानी वा नागरिकता र विदेश जाँदा र फर्किंदा देखिने राहदानीको पृष्ठ वा बोर्डिङ पास अपलोड गर्नुपर्नेछ हुन्छ।

यसअघि गत पुस १५ गतेदेखि प्राधिकरणले अवैध फोन नियन्त्रण गर्ने प्रविधि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) लागू गर्ने तयारी गरेको थियो। प्राधिकरणले उक्त सिष्टम लागु गर्ने तयारी गरेकामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनमा तत्कालका लागि उक्त काम रोकिएको थियो।

## वर्तमान गठबन्धनको ...

पार्टीको जिल्ला समिति सप्तरीले उनको सम्मानमा आईतवार राजविराजमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्।

उनले मुलुकमा संघियता पक्षधर र संघियता विरोधी गरी दुई किसिमको ध्रुवीकरण बढिरहेको भन्दै वर्तमान सत्ता समिकरणलाई निरन्तरता दिन सके मात्र ऐतिहासिक परिवर्तनको उपलब्धीलाई सुरक्षित राख्न सकिने बताए।

नेता यादवले वर्तमान सत्ता समिकरणकै आधारमा केन्द्र सरकारमा सहभागिता सगै प्रदेशमा पनि आलोपालो ससरकारको नेतृत्व गर्ने सहमती बढिरहेको उल्लेख गरे।

नक्कली भुटानी शरणार्थी प्रकरणले अन्तराष्ट्रिय स्तरमा समेत मूलुकको साख गिराउने काम गरेको भन्दै दोषिहरुमाथी कारवाही हुनसके मात्र मूलुको साख जोगिने बताए।

जिल्ला अध्यक्ष केदार यादवको अध्यक्षतामा आयोजित सम्मान समाहरोमा प्रदेश सभा सदस्य किरण कुमारी साह, पुर्व शिक्षा मन्त्री रेणु कुमारी यादव, महिला नेतृ रमिला कुमारी साह, जसपाका युवा नेता युसुफ अलि, तारकेश्वर प्रसाद यादव, भीमराज यादव लगायतले शुभकामना दिदै पार्टी संगठन सुदृढिकरणका लागी चाल्नु पर्ने कदमबारे आ-आफ्नो सुझाव राखेका थिए।

# पेस्तोलसहित भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, ३१ वैशाख।** महोत्तरीको एकडारा गाउँपालिका ४ हल्खोरी बजारमा शनिबार प्रहरीले एक भारतीय नागरिकलाई पेस्तोलसहित पक्राउ गरेको छ।

प्रहरी चौकी हल्खोरी महोत्तरीबाट खटिएको गस्ती टोलीले भारतको बिहार राज्य अन्तरगत सितामढी जिल्ला बाजोपट्टी गाउँ वडा नं. ६ निवासी २६ वर्षिय पप्पु यादवलाई पक्राउ गरेको हो

भारतबाट बीआर ३० वाई ९१४२ नं. को मोटरसाइकलबाट नेपालतर्फ आउँदै गरेका यादवमाथी शंका लागि चेकजाँच गर्दा होममेड इन्डियन पेस्तोल र ५ राउण्ड गोली फेला परेको प्रहरीले बताएको छ।

तत्कालै उनलाई नियन्त्रणमा लिई थपअनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीमा राखिएको जनाइएको छ।

## मधेश कृषि ...

कृषि र शिक्षालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए।

प्रतिनिधीसभा सदस्य समेत रहेका अध्यक्ष यादवले कृषि प्रधान देशमा दक्ष जनशक्ति उत्पादन गर्न यस विश्वविद्यालयले ठूलो मद्दत पुर्‍याउने विश्वास व्यक्त गरे। शिक्षाको स्तर खस्किदै गएको प्रति चिन्ता व्यक्त गर्दै उनले गुणस्तरीय शिक्षामा जोड दिए।

यस्तै मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेश सरकारले आवश्यकता र औचित्यको आधारमा कृषि, सिंचाई, शिक्षा लगायतका छुट्टै मन्त्रालयहरु विस्तार गरी अगाडि बढेको बताए। प्रदेश सरकार कृषि र शिक्षालाई प्राथमिकतामा राखि काम अगाडि बढाएको भन्दै उनले उत्पादन एवम् रोजगारमूलक क्षेत्रहरुमा मधेश प्रदेश सरकारले बजेट विनियोजन गर्न लागेको जानकारी दिए।

सोही समारोहमा शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशकुमार यादवले मधेशको साक्षरता प्रतिशत अन्यन्तै न्यून रहेकोले आफु जिम्मेवारी सम्हालेकै दिन मधेशलाई पूर्ण साक्षर प्रदेश बनाउने निर्णय गरेको बताए। 'कुनै बेला बौद्धिकताको परिचय दिने मधेश प्रदेशका जिल्लाहरुको साक्षरताको अवस्था यतिबेला कहालीलाग्दो रहेको छ' उनले भने, 'मधेश प्रदेशलाई पूर्ण साक्षर बनाउन हामी प्रतिवद्ध छौं।'

कृषि विश्वविद्यालयका उपकुलपति डा.वैद्यनाथ महतोको अध्यक्षतामा आयोजित कार्यक्रममा रजिष्टार डा.भगवान ठाकुर, प्रदेश नीति आयोगका अध्यक्ष डा. नाथुराम चौधरी लगायतले कक्षा संचालनपछि कृषि शिक्षाका साथै कृषि क्षेत्रको विकासमा समेत ठेवा पुग्ने विश्वास व्यक्त गरे। हाल बीएसी एजी अध्ययनका लागि ५० जना विद्यार्थीले भर्ना लिएको विश्वविद्यालयले जनाएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**



## व्यवसायिक कृषिले बनाउँछ सुखी।

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np